९८

राष्ट्रिय सूचना आयोग

२०६५

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. ३८३/२०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल ........१ निवेदक

विरूद्ध

प्रधानाध्यापक, श्री अनिवार्य निशुल्क मा.वि, जगदेउ, छिन्ताङ्ग, धनकुटा .................................१ विपक्षी

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले, अनिवार्य निशुल्क मा.वि, जगदेउ, छिन्ताङ्ग, धनकुटा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।३।२ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०३।०९ को आदेश वमोजिम श्री अनिवार्य निशुल्क मा.वि, जगदेउ, छिन्ताङ्ग, धनकुटाको मिति २०७१।८।२५, च.नं.१७, प.सं.०७१/७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २७ गते रोज ३ शुभम् ।